NSW शिक्षा विभाग

NSW GOVERNMENT

**Suspension factsheet: supporting your child's wellbeing**

**Parent/carer information**

# निलम्बनसम्बन्धी तथ्य पत्र: तपाईंको बच्चाको कल्याणकोलागि सहयोग

## अभिभावक/हेरचाहकर्ताको लागि जानकारी

### तपाईंको बच्चालाई कसरी सहयोग गर्ने

निलम्बनको समयमा तपाईंको बच्चाको स्वास्थ्य र कल्याणको लागि सहयोग शुरुवात गर्ने उचित कदम भनेको विशेषज्ञ जानकारी र सल्लाह जुटाउनु हो। तपाईंको बच्चाको कल्याणको लागि सहयोग गर्ने व्यवहारिक सल्लाह र जानकारीको लागि यहाँ उपलब्ध संसाधनहरू हेर्नुहोस्:

- कल्याण (Wellbeing)

घर र विद्यालय बिचको सकारात्मक र खुला संचारले विद्यार्थीहरुलाई सफल हुने उत्कृष्ट मौका प्रदान गर्छ।

- तपाईंको बच्चालाई उनीहरु विद्यालय समुदायको मूल्यवान सदस्य हुन् भनेर आश्वासन दिनुहोस्।
- कुनै चिन्तालाई विद्यालयसँग उठाउनुहोस्।
- तपाईंको बच्चाको सिकाइमा संलग्नतालाई समर्थन गर्नको लागि रणनीति विकास र लागु गर्न विद्यालयको टिमसँग साझेदारीमा काम गर्नुहोस्।
- आफ्नो बच्चाको निलम्बन समाधान बैठकमा भाग लिनुहोस्। यसलाई आमनेसामने, अनलाइन वा फोनमार्फत गर्न सकिन्छ र यसले सकारात्मक छलफलको उत्तम मौका दिनेछ।
- तपाईंको बच्चासँग सकारात्मक, सुरक्षित, समावेशी र सम्मानजनक सिकाइको वातावरण बनाउने उपयुक्त व्यवहार सम्बन्धी कुरा गर्नुहोस्।
- तपाईंको बच्चालाई आफ्नो सोचाइ र विचार सम्मानपूर्वक सक्रिय रुपले भन्न प्रोत्साहन गर्नुहोस्।

### निलम्बनमा रहँदा घरबाट सिक्ने

- निलम्बनको समयमा कर्मचारीको एक सदस्यले तपाईं र तपाईंको बच्चालाई निरन्तर रूपमा सम्पर्क गर्नुहुनेछ।
- दिनको कार्य अवधिको लागि स्पष्ट समय निर्धारण गरेर, शान्त ठाउँ खोजेर, र उनीहरुको सिकाइको कसरी प्रगति भइरहेको छ भनेर सोधेर तपाईंको बच्चालाई सिक्न मद्दत गर्नुहोस्।
- यदि उनीहरु तनाब वा चिन्तित भए भने उनीहरुले विश्राम पाएका छन्, पानी पिएका छन् भनेर सुनिश्चित गर्नुहोस् र समर्थन गर्नुहोस्।
- शारीरिक क्रियाकलापको लागि समय दिनुहोस्।
- प्रविधि सुरक्षित रुपमा प्रयोग गर्न आफ्नो बच्चाको निरीक्षण गर्नुहोस्। युजिङ्ग टेक्नोलोजी (Using technology) साइटमा जानकारी र स्रोतहरु छन् जुन तपाईंले उपयोगी पाउन सक्नुहुन्छ।

### उपयोगी लिङ्कहरु:

- लर्निङ्ग प्याकेज (Learning packages)
- असक्षमता शिक्षा र समर्थन सल्लाह (Disability learning and support advice)
- व्यवहार सल्लाह टुलकिट: अभिभावकको लागि सहयोग (Behaviour support toolkit): support for parents)
- तपाईंको बच्चालाई घरबाट सिक्न सहयोग गर्ने (Helping your child learn from home)
- किड्स हेल्पलाइन (Kids Helpline)५ देखि २५ वर्षका युवाहरुका लागि अष्ट्रेलियाको एक मात्र नि:शुल्क परामर्श सेवा हो। 1800 55 1800 मा फोन गर्नुहोस्।

### टेलिफोन अनुवादक सेवा

यदि तपाईं विद्यालयमा सम्पर्क गर्न चाहनुहुन्छ र तपाईंलाई अंग्रेजीमा सहयोगको आवश्यकता पर्दछ भने कृपया टेलिफोन अनुवादक सेवालाई 131 450 मा कल गर्नुहोस्, तपाईंलाई कुन भाषा चाहिन्छ बताउनुहोस् र सञ्चालकलाई विद्यालयमा फोन गर्न आग्रह गर्नुहोस्। सञ्चालकले तपाईंको वार्तालापमा सहयोग गर्न लाइनमा अनुवादकलाई उपस्थित गर्नेछन्। तपाईंलाई यो सेवाको लागि चार्ज गरिने छैन।